# नौबहिनी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय, बहाने प्यूठान ।

## आ.व. २०७९|८० को

# बार्षिक नीति तथा कार्यक्रम

प्रस्तुत कर्ता

दिल बहादुर थापा

अध्यक्ष

२०७९|०३|१० गते रोज ६ शुभम ।।।

यस गरिमामय गाउ सभाका सदस्य ज्यूहरु नेपालको संविधान, २०७२ बमोजिम गठित नौबहिनी गाउपालिकाको गाउँ सभामा गाउपालिकाको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम यस गरिमामय गाउसभामा प्रस्तुत गर्न पाउदा मलाई खुशी लागेको छ । यस अवसरमा नेपालको संघीय लोकतान्त्रीक गणतन्त्रका लागि नेपाली जनताले गरेको ऐतिहासिक शसस्त्र जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन स्मरण गर्न चाहान्छु । विभिन्न आन्दोलनको क्रममा आफ्नो ज्यानको आहुति दिने सम्पुर्ण महान शहिदशरुप्रति भावपुर्ण श्रदान्जली अर्पण गर्न चाहान्छु। परिवर्तनका लागि साहादत प्राप्त गर्नुहने शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु । २०७४ असार १४ मा सम्पन्न स्थानीय निवार्चनले संविधान कार्यान्वयन, संघीयता, समानुपातिक, समावेशी, धर्मनिरपक्षताको जग बसाउने तथा नागरिक अधिकार, आवश्यकता र अपेक्षाको प्रत्याभुतिका पक्षमा महत्वपुर्ण मार्गनिर्देश गरेको छ । साथै आर्थिक समृद्धी र लोकतान्त्रिक गणतन्त्रको आभास दिलाउने ढोका खुलाएको छ । २०७९ बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा हामीलाई विजयी गराई सकारात्मक रायसुझाव दिई साथ दिनुहने सम्पुर्ण राजनितिक दल, बौद्धिक व्यक्तित्वहरु, व्यवसायिक वर्गहरु, सुभेच्छुक जनसमुदायमा, हार्दिक धन्यवाद दिन चाहान्छु साथै यस नौबहिनी गाउपालिकामा कार्यरत भई सार्वजनिक सेवा प्रवाहमा मुस्कान सहितको सेवा प्रवाह गर्नुहुने सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरुप्रति पनि विशेष धन्यवाद दिन चाहान्छु । भौगोलिक विकटता एवं जातीय विविधता तथा गरिवी र पछ्यौटेपनलाई आत्मसात गर्दै प्रस्तुत नीति तथा कार्यक्रम तयार गरीएको छ । त्यसैगरी संघीय तथा प्रदेश सरकारसँग साझेदारी कार्यक्रम गर्नको लागि समपुरक कोष तर्फ पनि रकम विनियोजन गरिएको छ । हालको निर्वाचनमा जनताको अमुल्य मत प्राप्त गरी निर्वाचित भएका हामी पदाधिकारीहरुमा जनताका तत्कालीन

समस्या समाधान गर्नुपर्ने एकातिर छदैछ भने अर्कोतिर गाउपालिकाको दीर्घकालीन योजना तर्जुमा गरि कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता समेतलाई मध्यनजर गरी यो बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

यस सभाका सदस्यज्यूरुहरु,

अब म आर्थिक वर्ष २०७९।०८० सम्म आई पुग्दा यस गाउँपालिकाबाट भए गरेका मुख्य मुख्य कार्यहरुको बारेमा उल्लेख गर्न चाहान्छु ।

स्थानीय तहको स्थापना सँगै यस नौबहिनी गाउँपालिकामा हामी जनप्रतिनिधि आइसकेपछि प्रत्यक्ष जन सरोकारका कामको थालनी गरियो । २०७९।०२।०६ गते आएको विनासक हावाहुरीका  कारण क्षती भएको प्रभावित क्षत्र यस नौबहिनीको वडा नं ८ स्थित फोप्ली/लुङ/ बास्कोट लगायतमा मा प्रत्यक्ष रुपमा अनुगमन गरी त्यहाको प्रत्यक्ष क्षती बारे जानकारी लिई क्षति भएको परिवारलाई क्षतीको आधारमा राहत उपलबध गराईसकेका छौ ।

प्यूठान जिल्लाको उत्तरी भेगमा पर्ने नौबहिनी विकासको दृष्टिकोणले अति पछि परेको थियो। हामी शिक्षामा गाउँपालिका अनुदानबाट मा वि ८, नि मा वि ९, प्रा वि ३८ र बालविकास ९ जना गरी जम्मा ६३ जना शिक्षक अनुदान दरवन्दी गाउँपालिकाबाट प्रदान गरी सामुदियक विधालयको गुणस्तर वृद्धि गर्ने पहल गरिनै रहेका छौ । नौबहिनी गाउँपालिकालाई आत्मनिर्भर बनाउने उदेश्यले व्यवसायिक किसान लाई प्रमोट गर्न विभिन्न प्रकारका अनुदानका कार्यक्रम गर्दै आएका छौ। गाउँपालिका तथा वडा कार्यालयबाट सञ्चालन हुने कामकाजलाई सहज एवं सुविधायुक्त बनाउनको लागि गाउँपालिकाको प्रशासकीय भवन निर्माण तथा वडा कार्यालय भवनको थालनी गरेका छौ। यहाँ प्राकृतिक शौन्दर्यताले मनोहर एवं प्रचार प्रसारको अभावको कारणले लुकेका स्थानलाई पर्यटन प्रवर्धन गर्ने उदेश्यका साथ विकासका क्रम अगाडी बढाएका छौ। यहाँ रहेको सबैभन्दा अग्लो हिमाल कोठिभिर,

सबैभन्दा शुन्दर र गहिरो कटबराह दह, माक्रे मन्दिर, गुफा, झुलेनी, मालारानी गुफा, ऐतिहासिक त्रिकुटा कैलास जस्ता सौन्धर्य चिजहरु देख्न र देखाउन त्यहाँसम्म पुग्नको लागि सडक सञ्चालको व्यवस्था भएको छ ।

त्यतिमात्र होइन स्थानीय सरकार निर्वाचित भएर आए पश्चात कर्मचारी र जन प्रतिनिधिहरु मिलेर अगाडी बढ्ने विषयलाई उच्च महत्वका साथ अगाडी बढाएका छौ । विगतका वर्षहरुमा भएका कमीकमजोरीलाई सुधार गर्दै आगामी दिनमा नविन तरीकाबाट विकास गर्दै जानेछौ। अब जनताले दुःख पाउनु नपर्ने वातारण सिर्जना गर्न स्थानीय सरकार लागिरहेको छ । सेवाग्राही पनि आफ्ना सबै समस्या स्थानीय सरकार समक्ष ल्याएर आउने पहुँचमा रहेको हुदा हामी हर्सित भएका छौ।

**शुसासन, पारदर्शिता र जवाफदेहितालाई यो सरकारले उच्च महत्व दिदै अगाडी बढ्नेछ।**सहभागिता र समावेशी विकासलाई आत्मसाथ गरी अव हुने योजना वडामा मात्र होईन गाउँपालिका स्तरीय नमुना योग्य योजना बनाउने छौ। यस अबधि सम्म भएका मुख्य मुख्य उपलब्धिहरुलाई बुदाँगत रुपमा यस प्रकार उल्लेख गर्न चाहान्छु
१. नौबहिनी गाउँपालिका वडा नं. ५ गावैमा गरिव घरपरिवारको लागि एकिकृत नमुना बस्ती निर्माण भएको छ ।

२.बहाने लिघा फाउनेपोखरी कुर्तिवाङ हुदै स्याउलीवाङ जोड्ने मोटरबाटोको पहुँच मार्गको रुपमा विकास भएकोछ।

३. अधुरा योजनाहरुको पुर्णता, दर्जनौ सिचाइ कुलो तथा खानेपानी योजना निमार्ण कार्यहरु सुचारु भएका छन् ।

४. गाउँपालिकाको प्रशासकीय भवन अन्तिम चरणमा रहेको छ । साथै अन्य वडा कार्यालयहरु कोही सञ्चालनमा आईसकेका र केही अब बन्ने चरणमा छन् ।

५.बहाने स्वास्थय इकाईबाट MBBS डाक्टर मार्फत सेवा प्रवाह हुदै आइरहेको छ ।

५. बहाने बजार नाली व्यवस्थापन भएको छ ।

७. कटबराह दह जाने ३४०० मिटर पदमार्ग निर्माणको ट्र्याक खुलेको छ ।

८. ऐतिहासिक महत्वका संरचना र सम्भावना बोकेर पनि ओझेलमा परेका संरचनाहरु जस्तै मालारानी गुफा, झुलेनि, माक्रे मन्दिर त्रिकुटा धाम लगाएतका योजनाहरुको निर्माण तथा कामको शुभारम्भ भएको छ ।

९. किसानहरुको लागि विभिन्न प्रकारका कृषि तथा पशु अनुदानका कार्यक्रम सञ्चालन गरिएको छ । साथै किसानहरुलाई प्रोत्साहन गर्ने उदेश्यले पुरष्कारको व्यवस्था गरिएको छ ।

१०. मुख्य मुख्य मोटरबाटो जस्तै बहाने लिघा हुदै रोल्पा, बहाने लुङ्ग हुदै तुषारा मच्छी र बल्ले मैरामरे हुदै रोल्पा जोड्ने मोटरबाटोको निर्माण गरी मोटरबाटो निर्माण तथा स्तरउन्नती गर्नै कार्यलाई अगाडी बढाईएको छ ।

१२.सिर्सेनी क्षेत्रमा ढल निकास र फोप्ली, स्याउलीवाङ गावैमा नाली निमार्ण भएको छ

१३. नौबहिनी पर्यटन पदमार्ग निर्माण गर्ने कार्य सुरु भएको छ ।

१४. डामृ पाङ रोल्पा जोड्ने मोटरबाटो निर्माण भएको छ ।

१५. डामृमा सामुदायिक भवन निर्माण भएको छ ।

१६. खरका छाना विस्थापन गरी जस्तापाता लगाउने गाउँपालिकाको २ वर्षे योजना अनुरुप आर्थिक वर्ष २०७८।०७९ मा ९०% प्रतिशत खरका छाना विस्थापन भएको छ।

१७. नौबहिनी क्षेत्रभित्र पर्ने बहाने लगाएत नौबहिनी अन्य बजारक्षेत्रमा सडक बत्ति जडान गर्ने काम सुरु भएको छ ।

१९. बहाने बजार खानेपानी योजना सञ्चालनमा आएको छ ।

२०. बहाने लुङ्ग हुदै तुषारा जोड्ने मोटरबाटो नमुना सडक योजनाको रुपमा काम सञ्चालन भएको छ ।

२१ नौबहिनी गाउँपालिका वडा नं ७ र ८ जोड्ने मोटरबाटो निर्माण सम्पन्न भएको छ ।

२२. माक्रे मन्दिर निर्माण कार्य सञ्चालनमा आएको छ ।

२३ नौबहिनी पर्यटन, त्रिकुटाधाम, नौबहिनी मष्टधाम मन्दिर लगाएतका पर्यटकीय संभावना भएका ठाउँहरुको सम्भाव्यता अध्ययन गरी काम सञ्चालन भएको छ ।

२४ गरिबी, बेसाहारा, दिर्घकालिन रोगी, आगोलागी लगाएतका पिडित मानिसहरुका लागि विभिन्न प्रकारका आर्थिक तथा अन्य राहत सहयोग प्रदान गरिएको छ ।

२५ बाढी पहिरोबाट मानवीय तथा भौतिक रुपमा क्षति भएको परिवारलाई आर्थिक तथा घर निर्माणमा राहत सहयोग उपलब्ध गराउदै आइएको छ ।

२६. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम तथा लघु उद्यमी विकास कार्यक्रमबाट विभिन्न प्रकारका विकास उन्मुख कार्यक्रमहरु (सडक मर्मत,अनुदान कार्यक्रम,उद्यमी निर्माण) लगाएतका काम सञ्चालन भएका छन् ।

२७ बहाने लेख हुदै दिहाल्नाचौर जोड्ने मोटरबाटो निर्माण भएको छ ।

२८. बहाने डामृ सिर्प हुदै रोल्पा जोड्ने मोटरबाटो निर्माण भएको छ ।

२९ स्वास्थ्य संस्थामा कम्प्युटर प्रिन्टर ब्यवस्थापन तथा इन्टरनेट जडान गरि v cv cxv c DHIS 2 मा हरेक वाडामा रहेका स्वास्थ्य चौबी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्र बाट स्वास्थ्यका डाटा हरु इन्ट्रि गर्ने ब्यबस्था गरिएको छ ।

३० नौबहिनी गाउँपालिका पुर्णखोप सुनिश्चितता भएको पालिका घोषणा भएको छ।

३१ गत आ ब भन्दा घरमा हुने सुत्केरी को संख्यामा कमी आएको छ ।

३२ पाठेघर खस्ने समस्या तथा पाठेघरको मुखमा हुने क्यान्सरको जाच गरि महिला रोग उपचार ।

यस सभाका सदस्यज्यूहरु ,

अब म

स्थानीय सरकारको रुपमा यस गाउपालिकाको गरिमामय सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७९।०८० को बजेट नीति तथा कार्यक्रमका उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु ।

१. पालिका स्तरीय गौरवका आयोजनाको रुपमा रहेका सडकको विकास गरी यस नौबहिनीलाई समृद्धिको आधार तयार गर्नु ।
२. प्रशासकीय भवन तथा अन्य वडा कार्यालयहरु एवं अन्य स्वास्थ्य संस्था तथा विधालयहरुको भौतिक संरचना निर्माणलाई तिव्रता दिनु ।
३. नौबहिनीको केन्द्रविन्दुमा रहेको बहाने बजारलाई कालो पत्रे गरी यो क्षत्रलाई नौबहिनीको हबको रुपमा विकास गर्नु ।
४. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो एवं जनमुखी बनाई सार्वजनिक सेवा प्रवाहमा सबै खालका नागरिकहरुको सहज एवं सर्वसुलभ सेवाको सुनिश्चिता गर्नु।
५. राजश्व प्रशासनलाई पारदर्शी बनाउदै राजश्व चुहावटलाई न्यूनिकरण गरी आगामी दिनमा पालिकालाई आत्मनिर्भर बनाउनु।
६. कृषिलाई उत्पादनमुखी बनाई स्थानिय कृषकलाई उत्पादन संग आवद्ध गरी परम्परागत खेती प्रणालीलाई विस्तापन गरी किसानहरुलाई व्यवसायिक बनाउनु।
७. प्रकोपजन्य जोखिमहरुको न्यूनिकरण गरी नागरीकहरुको जिउ धनको रक्षा गर्नु।

८. शिक्षालाई प्रविधिमैत्री बनाउदै प्राविधिक क्षेत्रमा कुशल जनशक्ति निर्माण गरी जनसाङ्खिक लाभ हासिल गर्नु ।
९. सुचना प्रविधिलाई नागरिक मैत्री बनाउदै पालिकाका गतिविधिहरु सहज र सरल ढंगले प्राप्प गर्ने अनुभुती दिलाउनु ।
१०. विकासमा आम नागरिकको सहभागिता अभिवृद्धि गरी विकासमा अपनत्व वृद्धि गर्नु ।
११. खरको छाना पूर्ण रुपमा विस्थापित गरी नागरिकलाई सुरक्षीत आवासको ग्यारेन्टी गर्नु ।
१२. नेपाल सरकारले सन् २०३० सम्ममा हासिल गर्ने गरी लिएको दिगो विकासको सपनालाई साकार पार्ने गरी योजना तयार पार्नु ।

सभाका सदस्यज्यूहरु,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाई आत्मासात गरिएको छ ।

- नेपालको संविधान,२०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तराष्टिय जगतमा जनाएका प्रतिबध्दताहरु,
- स्थानीय शासन सञ्चालन संबन्धी कानून, आदेश ,नियमावली, प्रावधानहरु ।
- स्थानीय तहका सम्बन्धमा भएका अध्ययन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्णसरसफाई एवं उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,
- समुदाय, टोल, वस्तीस्तरमा भएका छलफल नागरिकस्तर बाट उठान भएका आवश्यकता एवं अपेक्षा तथा वडा समितिका सिफारिस ।

अब म प्रस्तुत नीति तथा कार्यक्रम मार्फत गाउँकार्यपालिकाले कार्यान्वयनमा ल्याउन खोजेको नीतिगत  व्यवस्थाका बारेमा उल्लेख गर्न चाहान्छु ।

**क) पूर्वाधार विकास :-**

- आगामी आर्थिक वर्षदेखि  चार वटा सडकहरु बहाने स्याउलीवाङ, बहाने डाम्री रोल्पा जोड्ने सडक, बहाने लुङ, तथा बल्लेखोला मैरामारे सडकलाई पालिकाको गौरवको आयोजनाको रुपमा विकास गर्दै लगिने छ ।
- सडक, खरको छानामा टिन लगाउने, तथा भवन निर्माणमा जोड दिइने छ पूर्वाधार निर्माण तर्फ कुल पूँजीगत बजेटको अधिकतम रकम विनियोजिन गर्दे लगिने छ ।
- गाउँपालिकाको गुरुयोजना तयार गरी सोही बमोजिम पूर्वाधार निर्माणको क्षेत्रमा वार्षिक रुपमा रकम विनियोजिन गर्ने नीति लिइने छ ।

- अत्याआवश्यक स्थानहरुमा नयाँ सडक शुरु गर्ने कार्यक्रम समाबेश गरिने छ त्यस्ता क्षेत्रहरुमा जनशक्ति परिचालनमा जोड दिईने छ ।
- गाउँपालिकाको प्रशासकीय भवन तथा बाँकी रहेका वडा कार्यालयको भवन निर्माण गरिनेछ ।
- आगामी ५ वर्ष भित्रमा पालिका भित्र रहेका सबै वडाका बस्तीहरुमा ग्रामीण सडक सञ्जाल संग जोडिने व्यवस्था मिलाउनुका साथै स्तर उन्नती गरिनेछ ।
- विभिन्न अन्तर जिल्ला तथा अन्तर पालिका संग सडकको पहुच विस्तार गरिनेछ ।
- पालिका भित्र रहेका सडकहरुमा पक्की पुल बनाउने ठाउँको पहिचान गरी निर्माणलाई पहल गरिनेछ ।
- झोलुङ्गे पुलको आवश्यकता रहेको ठाउँको पहिचान गरि पहल कदमी गरिनेछ। निर्माण भई सञ्चालनमा रहेमा भएका पुलहरुको मर्मत सम्हार गरिनेछ ।
- यस नौबहिनि क्षेत्र भित्र सञ्चान भई रहेका लामो तथा छोटो दुरीका यातायातहरुको भाडा दरलाई वैज्ञानिक बनाईनेछ ।
- एक वडा एक सभाहलको अवधारणा लाई अगाडी बढाइनेछ ।
- बहाने बजार तथा अन्य क्षेत्रमा रहेका बसपार्कहरुको स्तर उन्नती गरिने छ।

**ख) शिक्षा र स्वास्थ्य :**

- शिक्षा गाउँ विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै “सामुदायिक विद्‍यालयको शैक्षिक र भौतिक सुधार, बालबालिका विद्‍यालय प्रवेशको पहिलो आधार” भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारमा लागि स्पष्ट दृष्टिकोण,प्रतिबद्‍धता र लगनशीलता साथ अगाडि बढाइनेछ ।

- नौबहिनी गापा स्थित श्री गंगा मावी बहानेलाई नमुना विधालयको रुपमा विकास गरी क्याम्पस स्थापनाको लागी पहल गरिने छ।
- सबै सामुदायिक विधालयमा प्रावि तहसम्म अङ्ग्रजी माध्यको पठन पाठन गर्न आवश्यक पहल गरिने छ।
- पालिकाका विभिन्न विधालयमा अध्यापन गराउने शिक्षकहरु मध्ये उत्कृष्ट पठन पाठन गराउने शिक्षकलाई पुरस्कारको व्यवस्था गरिने छ।
- गाउँ पालिकामा १५ शैयाको हस्पिटल निर्माणको लागी आवश्यक पहल गरिनेछ
- सामुदायिक विद्यालयहरुको भवन, फिल्ड निर्माणको लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- सामुदायिक विधालयमा अभिभावक शिक्षा कार्यक्रम लागु गरिने छ। र बालबिकास शिक्षकलाई थप तालिम प्रदान गरिनेछ ।
- गाउपालिकाको विभिन्न विद्यालयहरुलाई नमुना विद्यालयको विकास गरी शैक्षिक गुणस्तर प्रवद्र्धन गर्न एक-एक वटा विद्यालय छनौट गरी पूर्वाधार निर्माण,पूस्तकालय,कम्प्यूटर शिक्षक तालिम सहित सबै व्यवस्था गरिने छ ।
- शैक्षिक गुणस्तर बृद्धिको लागि गाउपालिका स्तरमा दरबन्दी मिलान गरी विद्यार्थी अनुपातको आधारमा शिक्षण अनुदान को व्यवस्था गरिनेछ ।
- सामुदियक विधालयमा यस पालिकाबाट प्रदान गर्दै आएको गाँपा अनुदान शिक्षक लाई निरन्तरता दिइनेछ ।
- एक वडा एक माध्यामिक विधालयको अवधारणा विकास गरिनेछ ।
- शसर्त रुपमा प्राप्त अनुदानमा उल्लेखित कार्यक्रमको अतिरिक्त शिक्षा र स्वास्थ्यसंग सम्बन्धीत अन्य कार्यक्रमहरुमा आवश्यक रकम विनियोजन गरिनेछ
- स्वास्थ्य क्षेत्रमा निशुल्क औषधी वितरण,विभिन्न प्रयोगशाला निर्माण,बर्थिङ सेण्टर निर्माण लगायतमा आवश्यक रकम विनियोजन गरिनेछ ।

- नेपालको संविधानले आधारभुत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेकोले गुणस्तरीय, सर्वसुलभ, स्वास्थ्य सेवा समान रुपमा  प्रदान गरिनेछ।
- अत्यावश्यकीय औषधि आपुर्तिका लागी आवस्यक बजेट ब्यबस्थापन गरी निशुल्क रुपमा वितरण हुदै आएको औषधि आपुर्तिमा सहजता ल्याइनेछ।
- स्वास्थ्यका बिभिन्न सेवाहरू प्रतिकारात्मक सेवा, प्रबर्दनात्मक सेवा, उपचारात्मक सेवा, लगायतका सेवाहरु थप प्रभावकारी रुपमा संचालन गरिनेछ।
- स्वास्थ्य चौकी, खोप क्लिनीक भवन, निर्माणका लागि जगा ब्यवस्थापन गरी भवनहरु निर्माण गरिदै जानेछ।
- स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिला तथा कुरुवाको लागि खानाको ब्यवस्था गरिनेछ।
- सुरक्षित मातृत्व कोष स्थापना गरि सुरक्षित मातृत्व सेवालाइ थप प्रभावकारी बनाइने छ।
- प्रयोगशाला सेवलाइ थप प्रभावकारी बनाइने छ।
- स्वाथ्य विमालाई थप प्रभावकारी वनाउन आवश्यक पहल गरिने छ।

**ग) कृषि तथा पशुपंक्षी विकास**

“एक घर : एक करेसाबारी : पकेट क्षेत्रमा व्यवसायिक तरकारी’ भन्ने नाराका साथ तरकारी  उत्पादनको प्रशस्त सम्भावना रहेको वडा नं ७ लाई “तरकारी पकेट क्षेत्र” को रुपमा विकास गरी अन्य वडाहरुमा “एक घर :एक करेसाबारी” को नीति अवलम्बन गर्दै अर्गानिक तरकारी उत्पादनलाई पालिका भरि विशेष अभियानका साथ संचालन गरि आगामी दुई वर्षभित्र तरकारीमा आत्मनिर्भर गाउँपालिका घोषणागरिनेछ ।

- महिलाहरुको मात्र समूह गठन गरी व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय संचालन गरेमा उनीहरुले बैंक तथा सहकारीबाट लिएको १० लाख सम्मको ऋणको व्याजमा २% नगद अनुदान दिइनेछ ।
- सिंचाई प्रणाली आसपासका जग्गाहरु बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ भने खाली जमिनमा केरा, मकै, घाँस, फूल, नर्सरी संचालन लगायतका कृषिजन्य क्रियाकलाप संचालनका लागि प्रोत्साहित गरिनेछ ।
- "माछा उत्पादनमा आत्मनिर्भर" पालिका घोषणाको लागि माछा पोखरी निर्माण लागतको निश्चित प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै माछा पालनमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- व्यवसायिक रुपमा काम गर्ने किसानलाई पालिकाको सम्मान सबै किसानलाई उत्पादनमा आधारित अनुदान' नीति अवलम्वन गरिनेछ ।
- शसर्त अनुदानबाट प्राप्त रकमको अतिरिक्त कृषि तथा पशु विकासको लागि सिंचाई व्यवसायिक कृषि तथा पशु फर्म विकास लगायतमा आवश्यक रकम विनियोजन गरिनेछ ।
- प्रत्येक वडाबाट नमुना कृषक छनौट गरी व्यवसायीक खेती र पशु पालनको लागि नमूना कृषक फर्म विकास गर्न अनुदानको व्यवस्था गरिने छ ।
- किसान सगँ गाउँ सरकार कार्यक्रमलाई कार्यकर्मलाई व्यवहारिक र वैज्ञानिक बनाई उत्पादन संग जोड्दै लगिनेछ । उत्कृष्ट कार्य गर्ने किसानलाई उचित पुरस्कारको समेत व्यवस्था गरिनेछ ।
- नौबहिनी गाउँपालिकाका कृषकले उत्पादन गरेका वस्तुहरुको संरक्षण र उचित भण्डारण गर्नको लागी आगामी दिनमा कोल्ल स्टोरको निर्माणलाई अगाडी बढाइनेछ ।

**घ) खानेपानी सिंचाई तथा सरसफाई**

- पालिकाका विभिन्न वडाका सुख्खा वा सिचाई विहिन स्थानमा आवश्यकताको आधारमा सिंचाई सुविधा उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।
- शसर्त अनुदानका अतिरित्त साना सिंचाई तथा अन्य खानेपानी व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- यस गाउँपालिकाको सम्पुर्ण वडा तथा वस्तीहरुमा सुरुक्षित खानेपानीको व्यवस्था गरिने छ । गाउँपालिकाको केन्द्र रहेको बहाने बजार क्षेत्रमा दिगो खानेपानी निर्माणको लागि बृहत खानेपानी आयोजना सञ्चालन गरिने छ ।
- खानेपानिका मुहानहरुको पहिचान गरी ती क्षत्रहरुको संरक्षण र सम्बद्धन गर्दै लगिनेछ ।
- बस्ती स्तरमा सरसफाई योजना लागु गरिने छ।

**ङ) युवा तथा खेलकुद तथा रोजगारी**

- विभिन्न स्थानहरुमा खेलकुद मैदान, निर्माण गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।
- युवालाई रोजगारी सृजना गर्न जडीबुटी तरकारी पशु सम्बन्धी फर्म विकास गर्न तालिम तथा अनुदानको व्यवस्था गरिनेछ ।
- आगामी आर्थिक वर्षदेखी बहाने बजारमा जग्गाको व्यवस्थापन गरी खेलकुद क्षेत्रको विकासको लागी ब्याडमिन्टन खेलमा आम यूवाहरुको आकर्षण वृद्धि गर्न पालिका स्तरीय एक कभर्ड हल तथा जिम क्लबको स्थापना गर्न पहल गरिनेछ ।
- निजी सामुदायिक र संघसंस्थाहरुको सहकार्यमा राष्ट्रिय तथा पालिका स्तरीय खेलकूद प्रतियोगिताको आयोजना गरिनेछ ।
- नौबहिनी स्थित खवाङ ४ भवने मा निर्माणाधिन खेलमैदानलाई नौबहिनी रङ्गशालाको रुपमा विकास गरिने छ ।
- प्रत्यक वडामा खेल मैदानको अवधारणा विकास गरिने छ ।

- वेरोजगारी समस्या कम गर्नको लागी पालिका स्वरोजगार कार्यक्रमको अवधारणा अगाडी बढाइनेछ ।
- परम्परागत सिप र पेशालाई परिमार्जन तथा संरक्षण गर्दै थप व्यवस्थित गराईनेछ ।

**च) पर्यटन** प्रवर्द्धन

- यस पालिकामा भएका परिचित तथा पहिचान हुन बाँकी रहेका हरेक प्रकारका प्रयटकिय ठाउँको खोज तथा अनुसन्धना गरी त्यस्ता क्षत्रहरुको प्रवद्धन गर्न उचित पहल गरिने छ।
- नौबहिनी मन्दिर, माक्रे मन्दिर, कटबराह ताल लगायत अन्य पर्यटकीय स्थलहरुमा पदमार्ग सञ्चालन गर्न रकम विनियोजन गरिनेछ । पर्यटकीय स्थलहरुको प्रचार प्रसारमा जोड दिईनेछ । पर्यटन विकासको लागि आवश्यक रकम विनियोजिन गरिनेछ ।
- नौबहिनी पर्यटकिय स्थलको गन्तव्य सम्म पुग्न र पर्यटकीय प्रर्वद्धन गर्न आवश्यक गुरुयोजना अगाडी बढाइने छ।
- ऐतिहासिक महत्व बोकेको लुङको पौवा पोखरामा पानीको व्यवस्थापन गरी माछापालन गराई त्यस क्षेत्रको विकास र प्रवर्द्धन गरिने छ।

**छ)** जलविधुत

- नेपाल विधुत प्राधिकरण बाट प्राप्त भएको विल को आधारमा २० युनिट सम्म विधुत खपत गर्ने नागरिकहरुको विधुत महशुल पालिका द्धारा भुक्तानी दिइने व्यवस्था मिलाईने छ।
- लुङ खोलाको पानी सदुपयोगको लागी हाइड्रोपावरको परिकल्पनालाई अघि बढाईनेछ ।
- पिछडिएका बस्तीहरुमा सौर्यवत्ति जडान गरिनेछ र मुख्य सडकहरुमा सडकबत्ती जडान गर्ने कार्यको थालनी गरिने छ ।

- नदीहरुमा माहाजाल प्रयोग गर्ने, विष छर्ने तथा करेन्ट लगाई माछा मार्ने नपाईने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ ।
- सौर्य उर्जालाई प्राथामिकता दिइनेछ साथै विधुतको खपत बचत गर्न एल. इ. डी. बल्पको उपयोग बढाउने नीति तय गरिनेछ ।

**ज) सूचना प्रविधि  सेवा प्रवाह र सुशासन**

- राजश्व चुहावटलाई कम गरी राजश्व प्रशासनलाई व्यवस्थित र वैज्ञानिक बनाई पारदर्शिता कायम गर्न आगामी आर्थिक वर्षबाट RMIS प्रणाली जडान गरिनेछ।
- समय समयमा अद्यावधिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण जस्ता कार्यक्रमलाई नियमित गरिनेछ।
- कार्यसम्पादनको आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ।
- कार्यालयको अभिलेख प्रणालीलाई डिजिटलाईजेसन गर्दै लगिने छ। कर्मचारिहरुको क्षमता विकास गर्न उचित तालिमको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरुबाट कम्प्यूटरीकृत सेवा प्रवाह गरिनेछ । कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी दक्ष बनाइने छ ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई सुचक तय गरी पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ । त्यसको लागी एक पुरस्कार समित गठन गरिनेछ ।
- कार्यालयको WEBSITE मार्फत गाउँपालिकाको निती,नियम कार्यक्रम एवं भएका सम्पूर्ण आय तथा व्यय विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाइने छ ।
- उपभोक्ता समितिहरुबाट सञ्चालन हुने काममा अनिवार्य रुपमा १० प्रतिशत जनसहभागीताको सूनिश्चित गरी योजनामा अपनत्व भावनाको विकास

गरिनेछ । जुन उपभोक्ता समितिबाट आयोजना सम्पन्न भएको हो सोही उपभोक्ता समितिहरु मार्फत  उक्त आयोजनाको दीर्घकाल सम्म मर्मत संभार र संरक्षण गर्ने जिम्मा दिइने छ । सडक खानेपानी तथा अन्य आयोजनाहरु मर्मत सम्भार गर्नको लागि गाउपालिकामा  मर्मत सम्भार कोषको व्यवस्था गरिने छ ।

- विनीयोजित रकमबाट सम्झौतामा उल्लेखित भएको समयमा काम गर्न नसक्ने उपभोक्ता समितिहरुलाई कारवाही गरिनेछ । अनुगमन समितिको सिफारिसमा उक्त उपभोक्ता समिति भङ्ग गरी अर्को उपभोक्ता समितिबाट बाँकी काम सम्पन्न गरिनेछ । पूँजीगत खर्च गर्न नसक्ने वडा कार्यालयहरुलाई जति रकम खर्च हुन बाँकी रहेको हो  त्यती नै रकम अर्को आ.व. मा कटौती गरिने छ । र कटौति भएको रकम दामासाहीले खर्च गर्न सक्ने वडालाई थप अनुदानको रुपमा उपलब्ध गराइने छ ।

**झ) उद्योग तथा खानी**

- ठुला तथा साना तथा घरेलु उद्योगलाई प्रवद्र्धन गरी रोजगारी सृजना गर्न सक्ने व्याक्तिगत वा सामुहिक उद्योगहरुलाई उद्योग सञ्चालन सम्वन्धी तालिम तथा अनुदान सहयोग उपलब्ध गराइनेछ।
- कम्तिमा ४ जना सम्म निम्न आर्थिक अवस्था भएका एवं एकल महिलालाई प्रत्यक्ष रोजगारी दिने घरेलु उद्योगलाई रोजगारीमा संलग्न महिलालाई दिइएको तलबको २५ प्रतिशत रकम उद्योगलाई अनुदान दिइनेछ ।
- गाउ पालिकामा सम्भावित खानीहरुको सर्वेक्षण गरी आगामी आ.व. देखि खानी उत्खनन् गर्ने स्थलसम्म पूर्वाधार तयार गरी निजी क्षेत्र संगको सहयोगमा उत्खनन् गरिनेछ ।

- ढुंगा, गिटि बालुवा तथा खनिज लगायतको प्रशोधन तथा उत्खनन् कार्यलाई व्यवस्थित बनाई उक्त कार्यबाट गाउपालिकाको आय आर्जन बढाउने र रोजगारी सृजनामा उपयोग गरिनेछ ।
- अल्लो उधोग तथा नेपाली कागज उधोगलाई प्रवर्द्धन गरिनेछ ।

**(ञ) वातावरण संरक्षण एवं फोहरमैला व्यवस्थापन**

- स्वच्छ नौबहिनी हराभरा नौबहिनी भन्ने नाराका साथ यस पालिका लाई GREENERY AREA को रुपमा विकास गर्दै लगिने छ । वातावरण संरक्षण र जैविक विविधताको संरक्षणको लागी विशेष पहल गरिनेछ ।
- खाली रहेको वन क्षेत्रमा वन कार्यालयसंग समन्वय गरी उपयोगी विरुवाहरुको वृक्षारोपण गरिनेछ । वनसंग समन्वय गरी जडीबुटी लगायत नगदेबाली उत्पादन गर्न बनको संरक्षण गर्दै त्यस्तो वनक्षेत्र उपभोग गरिनेछ ।
- गाँउपालिकाको विभिन्न बजार इलाकाहरुमा उत्पादन हुने फोहोरलाई उपर्युक्त ढंगले व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइड निर्माणका साथै फोहोरलाई घरबाटै कुहिने र नकुहिने गरी जैविक र अजैविक फोहोरको रुपमा व्यवस्थापन गर्दै लगिनेछ । नष्ट हुने वस्तुबाट जैविक मलको रुपमा उत्पादन गरिनेछ ।
- नदी कटान नियन्त्रण गर्न नदी किनारहरुमा बाँस लगायत उपयोगी विरुवाहरु लगाउने,जोखिममा रहेका बस्तीहरुलाई पहिरो नियन्त्रण गर्न आवश्यक तारजालीको व्यवस्था गरिने छ ।
- बन्य जन्तु चोरी निकासीलाई निषेध गरिने निती कडाईका साथ अवलम्बन गरिने छ ।

**ट) प्रकोप व्यवस्थापन**

- बाढी पहिरोबाट जोखिममा रहेका क्षेत्रहरुको पहिचान गरिने छ, त्यस्तो स्थानमा रहेका बस्ती हरुलाई पुनस्थापना साथै बस्ती स्थानान्तरण गर्ने योजना निर्माण गरिने छ ।

- प्रकोप प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । प्रकोपमा क्षति व्यहोर्ने घर परिवारलाई राहत उपलब्ध गराउन मापदण्ड तयार गरिने छ । सोही मापदण्डको आधारमा सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- बाढी पहिरो नियन्त्रण गर्ने वृक्षारोपण लगायतका कार्यलाई व्यवस्थित बनाइने छ ।
- गाउपालिका क्षेत्रभित्र आउन सक्ने प्रकोपहरुको पहिचान गरी प्रकोप पूर्व तयारी प्रतिकार्य योजना तयारी गरिनेछ ।
- प्रकोप व्यवस्थापनको लागि छुट्टै समिति गठन गरि दैविक प्रकोप कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।
- प्रकोप व्यवस्थापनको लागी आवश्यक पर्ने अत्यावश्यक सामाग्रीहरु खरिद गरी विपत संग जुध्नने तयारी हुने गरी आवश्यक व्यवस्था गरिनेछ।

**ठ) समावेशीकरण र सामाजिक न्याय**

- समाजमा पछाडि परेका दलित,जनजाति,अपाङ्ग,बृद्ध,महिला लगायत वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। यसरी सञ्चालन गरिने कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरिने छ ।
- लक्षित वर्गहरुलाई सञ्चालन गरिएका कार्यक्रमहरु उपलब्धी मूलक, सीपमूलक, रोजगार मूलक बनाइने छ ।
- विकासका हरेक गतिविधिहरुमा समानुपातिक समावेशिता अवलम्बन गरिनेछ
- विकासका दृष्टिकोणले पछाडि परेका वर्ग समुदायहरुको जीवनस्तर सुधार गर्न उचित आय आर्जन एवं नव प्रवद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस पालिकाबाट प्रदान गरिने सेवा सुविधामा कुनै प्रकारको विभेद र अन्याय गरिने छैन । स्रोत र साधनको समानुपातिक वितरण गरिने छ ।

**(ड) साहित्य, कला र संस्कृति**

पालिका स्तरीय भाषा, कला संस्कृति सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुलाई व्यवस्थित गर्नको लागि आवश्यक संस्थागत व्यवस्था गरी उक्त संस्थाको समन्वयमा प्रवद्र्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।मौलिक सिर्जनाका माध्यमद्वारा समाजका उपयोगी कृतिहरुको संरक्षण, विद्धानहरुको सम्मान र साहित्यिक गतिविधिहरुको प्रवद्र्धन गरिनेछ । समाजमा विद्यमान छाडा संस्कृतिको निरुत्साहित गर्दै मौलिक,हितकारी सांस्कृतिक मूल्य मान्यताको विकासका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।पालिका भित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कामहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र सम्वद्र्धन गरिनेछ ।

**(ढ) शान्ति सुरक्षा तथा सुशासन**

यस पालिकाका नागरिकहरुको जिउ धन तथा सम्पत्तिको सुरक्षाको पूर्ण सुनिश्चितता गरिनेछ ।कानूनले तोकेको पेशा व्यवसाय गर्न र जीवनस्तर उकास्न साथै आयआर्जन गर्न सुरक्षा प्रदान गर्न आवश्यकताको आधारमा सुरक्षा चौकीहरुको निर्माण गर्ने पहल गरिनेछ ।

यस सभाका सदस्यज्यूहरु,

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू समितिका सदस्य ज्यूहरु, वडा अध्यक्ष एवं कार्यपालिका सदस्य ज्यूहरु ,वडा सदस्य तथा अन्य कर्मचारी साथीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति तथा कार्यक्रम लागु भई नौबहिनी गाउँपालिकाको समृद्धिको सपना साकार हुने विश्वास लिएको छु ।

**हाम्रो नौबहिनी ।।। राम्रो नौबहिनी ।।। जय नौबहिनी ।।।**

**धन्यवाद।**

दिल बहादुर थापा
अध्यक्ष
नौबहिनी गाउँपालिका
लुङ्ग बहाने प्यूठान

# नौबहिनी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय, बहाने प्यूठान ।

## आ.व. २०७९।८० को

# बार्षिक बजेट प्रस्तुतीकरण

**प्रस्तुत कर्ता**

**विष्णा थापा**

**उपाध्यक्ष**

**२०७९।०३।१० गते रोज ६ शुभम ।।।**

नौबहिनी गाउँपालिकाको आ.व. २०७९।८० को बार्षिक बजेट बक्तव्य

सभा अध्यक्ष महोदय,

नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम यस गाउँपालिकाको बाह्रौं गाउँसभामा आर्थिक वर्ष २०७९/०८० को बार्षिक वजेटको अनुमानित आय तथा व्ययको विवरण यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न उभिएको छु ।स्थानिय तहको दोस्रो निर्वाचनको माध्यमबाट निर्वाचित भई यो यस नौबहिनी गाउँपालिकाको सम्मनित गाउँसभामा उपस्थित भई बजेट प्रस्तुत गर्न पाउदा म निकै नै हर्षित भएकी छु ।

संघिय लोकतान्त्रिक गणतन्त्र मार्फत हामिलाइ यँहासम्म पुर्याउने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै विभिन्न समयमा भएका राजनीतिक परिवर्तनमा महिलाहरुले खेलेको भुमिका सर्वविधितै छ । महिलाको तर्फबाट यस गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित हुदै गर्दा यस गाउँपालिकाको समग्र जनताको भावनाको कदर गर्दै आगामी दिनमा नौबहिनी बासिको समृद्धि र कल्याणमा सधै लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु ।

यस नौवहिनी बासीका पिर र मर्काहरु धेरै छन् सबै समस्याको एकैपटक हल गर्न यो प्रयास छैन भएको सिमित बजेटलाई लक्षित वर्ग सम्म पुर्याउन हाम्रो प्रयास अधिकतम रहने छ।

गाउँसभाका सम्पूर्ण सदस्यहरु, ,पत्रकार, सुरक्षाकर्मी ,सम्पूर्ण कर्मचारीहरु, सभामा उपस्थित तथा प्रत्यक्ष रेडियो प्रसारण तथा सामाजिक सञ्जालबाट सुनिरहनु तथा हेरीरहनु भएका सम्पूर्ण आमावुवा, दाजुभाई तथा दिदीवहिनीहरु,

अब म आर्थिक वर्ष २०७९।८० को प्रस्तावित बजेट संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

यस आ.व. मा राजश्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट निर्धारण समितिको सिफारिसको आधारमा ६७ करोड ९७ लाख ४९ हजार रुपैयाको प्रस्तावित बजेट प्रस्तुत गर्दछु ।

अव आगामी आव मा हुने आयको विवरण  प्रस्तुत गर्दछु

१) संघीय सरकारबाट प्राप्त

- राजस्व वाडफाड तर्फ ११ करोड ४७ लाख ५२ हजार

- वित्तिय समानीकरण तर्फ रु ११ करोड ४४ लाख
- शर्शत अनुदान तर्फ रु २३ करोड ४९ लाख
- विशेष अनुदान तर्फ रु १ करोड ६० लाख
- समपुरक अनुदान तर्फ ५० लाख

जम्मा ४८ करोड ५० लाख ५२ हजार

२) प्रदेश सरकारबाट प्राप्त

- बित्तिय समानीकरण अनुदान तर्फ रु ६१ लाख ९७ हजार
- शर्शत अनुदान विभिन्न कार्यक्रम तर्फ ८० लाख
- राजश्व वाडफाड सवारी साधन कर समेत रु ६० लाख

- विशेष अनुदान तर्फ ६० लाख
- प्रदेश समपुरक अनुदान १ करोड ५० लाख

जम्मा ४ करोड ११लाख ९७ हजार

३) गाउँपालिका

- गाउँपालिकाको २०७८।०७९ अल्या अनुमानित रु ७५ लाख
- आन्तरिक आय अनुमानित रु ६० लाख

जम्मा १ करोड ३५ लाख

४) सामाजिक सुरक्षा भत्ता तर्फ

१४ करोड

जम्मा ६७ करोड ९७ लाख ४९ हजार को आयको अनुमान गरिएको छ ।

**अव म आगामी आ.व.मा हुने व्ययको अनुमान प्रस्तुत गर्न चाहान्छु ।**

1. **चालु तथा प्रशासनिक तर्फको खर्च** : संघीय सरकार र प्रदेश सरकारको राजश्व बाडफाडबाट प्राप्त रकमबाट **रु ११ करोड १३ लाख ४१ हजार** विनियोजन गरी अनुसुची ३ को फाराम भरी पेश गर्दछु ।
2. **शर्शत अनुदान तर्फको :** खर्च जुन जुन शिर्षकमा प्राप्त भएको हो सोही शिर्षकमा मात्र खर्च गरिने छ । यसरी खर्च गर्दा संघीय सरकारबाट प्राप्त र प्रदेश सरकारबाट प्राप्त शर्शत अनुदान गरी जम्मा **रु २४ करोड २९ लाख** विनियोजन गरिएको छ ।

3. **विषेश तथा समपुरक अनुदान तर्फको** : संघीय सरकार र प्रदेश विषेश सरकारबाट प्राप्त रकम **रु २ करोड २० लाख** र समपुरक अनुदान तर्फ संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त रकम **२ करोड** गरी **जम्मा ४ करोड २० लाख** जुन जुन शिर्षकमा प्राप्त भएको छ सोही शिर्षकमा मात्र कार्यविधिले तोकिए बमोजिम खर्च गरिने छ ।
4. **सामाजिक सुरक्षा भत्ता** : तर्फ **१४ करोड** कार्यविधिले तोकिए बमोजिम वितरण गरिनेछ ।
5. **प्रत्येक वडामा :** पुजीगत प्रकृतिका विकास निर्माण खर्च गर्नको लागि **रु १५ लाखका दरले जम्मा हुन आउने रु १ करोड २० लाख** विनियोजन गरिएको छ । वडा कार्यालयबाट योजना तर्जूमा गर्दा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन अनुसारको अधिनमा रही बजेट विनियोजन गर्ने व्यवस्था गरिएको छ । योजनाको छनौट गर्दा वस्ती स्तरीय आम भेलाको निर्णय, वडा समितिको निर्णय, विषयगत समितिको निर्णय, कार्यपालिकाको निर्णयका आधारमा गरिनेछ ।

बाँकी रहेको रकम विषयगत समितिको निर्णय तथा कार्यपालिकाको सिफारिस सहित नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, स्थानीय आर्थिक अवस्था, समेतको आधारमा योजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरी बजेट विनियोजन गरिनेछ । त्यसैगरी प्रदेश तथा केन्द्रीय स्तरबाट तथा अन्य सहयोगी निकायबाट समेतको साझेदारीमा यस गाउँपालिका भित्र योजना सञ्चालन गर्नको लागि समपुरक कोषबाट साझेदारी हुने गरी उक्त कोषको निमार्ण तथा परिचालनको गरिने छ ।

आदरणीय अध्यक्ष महोदय,

अब म माथि उल्लेखित क्षेत्रहरुमा विनियोजन गरिएको बजेट तथा योजनाहरु बाहेक गाउँपालिका स्तरबाट विनियोजन गरिएका कार्यक्रम तथा बजेटहरु प्रस्तुत गर्ने अुनमति चाहान्छु ।

**पूर्वाधार विकास**

- **प्रशासकीय भवन** : यस नौबहिनी गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण को लागी **रु ४ करोड ६० लाख** विनियोजन गरिएको छ ।
- **शिक्षा तर्फ** : गाउँपालिका शिक्षक अनुदान तथा अन्य कार्यक्रम बापत **२ करोड ९७ लाख**, विनियोजन गरिएको छ ।
- **स्वास्थ्य तर्फ :** गाँउपालिकाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको तलव भत्ता र अन्य अत्यावश्यक औषधि तथा स्वास्थ्य सामाग्रि खरिद लगायत कार्यको लागि **९० लाख**
- **कृषक सगँ गाउँसरकार** : आर्थिक रुपले विपन्न नागरिकहरु एव कृषकहरुलाई उत्पादनसँग जोडि पोत्साहन गर्न  गाँउसरकार तर्फ रु **२५ लाख**, विनियोजन गरिएको छ ।
- **कृषि तर्फ** : कृर्षि पेशालाइ व्यावसायिक तथा आत्मनिर्भर  बनाउन **रु १० लाख**, विनियोजन गरिएको छ ।
- **पशु सेवा तर्फ :** पशुपालन कार्यलाइ व्यावसायिक बनाउन रु **१० लाख**, विनियोजन गरिएको छ ।
- **समपुरक कोष तर्फ** : संघ र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानको लागि **थप रकम रु  २ करोड**, विनियोजन गरेको छु ।
- **आर्युवेद तर्फ :** आयुवेर्दिक सम्बन्धि औषधोपचार तथा अन्य कार्य बापतको लागि रकम **रु ५ लाख**, विनियोजन गरिएको छ ।
- **मर्मत सभ्भार तर्फ:** गाँउपालिका भित्र रहेका विभिन्न ग्रामिण सडकहरुको मर्मत तथा सम्भार कार्यको लागि **रु ३५ लाख**, विनियोजन गरिएको छ ।

- **सामाजिक विकास शाखा तर्फ :**सामाजिक सचेतना विकास एव अन्य लक्षित वर्ग विशेष कार्यक्रम गर्ने उदेश्यले **रु २०** लाख, रकम विनियोजन गरिएको छ।
- **गाउँपालिका राहत कोष :** घातक रोगबाट उपचारत तथा मानविय क्षति व्यहोरेका परिवारहरुको आर्थिक रुपले विपन्न वर्गको उत्थानको लागि **रकम रु ३० लाख**,
- **प्रकोप व्यवस्थापन कोष तर्फ** : विभिन्न किसिमका महामारी तथा प्रकृतिक विपदबाट क्षति भएका परिवारलाइ तत्काल पुन:स्थापना गर्नको लागि **रु ५० लाख** विनियोजन गरिएको छ ।
- **प्रशासकीय भवनको जग्गा खरिद :** गाँउपालिकाको प्रशासकीय भवन निर्माणकोलागी **रु १८ लाख** विनियोजन गरिएको छ ।
- **एम्बुलेन्स खरिद:** नौबहिनि बासिको स्वास्थ्य संवेदनशिलता लाई मध्यनजर गरि स्वास्थ्य संस्थासँग सहज एवं सर्वसुलभ पँहुच पुर्याई जोखिम न्यूनिकरण गर्नकोलागी **रु २४ लाख** विनियोजन गरिएको छ ।
- **व्याकअप जडान** : गाँउपालिकाका सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थामा ब्याकप जडानको लागी **रु १६ लाख** विनियोजन गरिएको छ ।
- **राजश्व सफ्टवेयर :** राजश्व प्रणालीलाई ब्यबस्थापन गरी सफ्टवयर खरिद गर्नको **रु ८ लाख** विनियोजन गरिएको छ ।
- **गाँउपालिका शिक्षक अनुदान :** हाल गाँउपालिका अनुदानबाट प्रदान गर्दै आइरहेको शिक्षकहरुको तलवमा बढ्दो महङ्गिलाइ समेत मध्यनजर गर्दै रु २,००० ले वृद्धि गरिएको छ ।
- **बालविकास तथा विधालय कर्मचारी :** यस गाँउपालिका भित्र रहेका विभिन्न बालविकास शिक्षक तथा विधालयका कर्मचारीहरुको लागी स्थनीय सरकारबाट रु ७,००० ले थप गरिएको छ ।

- स्वास्थ्य संस्था : गाँउपालिकाले नियुक्त गरेका स्वास्थ्यकर्मिहरुको तलव भत्ता रु २,००० ले वृद्धि गरिएको छ साथै महिला स्वास्थ्य स्वयमसेविकाहरुले हाल खाइपाइ आएको मासिक प्रोत्साहन भत्ता बापतको रकमलाइ रु १,००० बाट १,५०० बनाइएको छ ।
- यस गाउँपालिका र वडा कार्यालयहरुमा करारमा कार्यरत कार्यालय सहयोगी तथा अन्य राष्ट्रसेवक कर्मचारीहरुको हाल खाईपाई आएको तलबमा रु २००० ले वृद्धि गरिएको छ ।

यस सभाका सभा अध्यक्षज्यू,

प्रस्तुत बजेट तयार गर्न सहयोग गर्नुहुने अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू समितिका सदस्य ज्यूहरु, वडा अध्यक्ष एवं कार्यपालिका सदस्य ज्यूहरु ,वडा सदस्य, सुरक्षा कर्मी, सञ्चारकर्मी तथा अन्य राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेट लागु भई नौबहिनी गाउँपालिकाको समृद्धिको सपना साकार हुने विश्वास लिएकी छु ।

- **हाम्रो नौबहिनी ।।। राम्रो नौबहिनी ।।। जय नौबहिनी ।।।**

**धन्यवाद।**

**विष्णा थापा**
**उपाध्यक्ष**
**नौबहिनी गाउँपालिका**
**लुङ्ग बहाने प्यूठान**

**अब म स्थानिय सरकार सञ्चालनको लागी आवश्यक पर्ने केही विधेयकहरु यस सम्मानित सभामा पेश गर्ने अनुमती माग्न चाहन्छु ।**

- **आर्थिक विधेयक २०७९**

- **विनियोजन विधेयक २०७९**